(बैठक संख्या ५९)

**बैठक नं. १**

आज मिति २०८१/०४/०४ गतेका दिन यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिती :-</u>

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण वहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि.क | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज वहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र वहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री ठाकुर प्रसाद अर्याल | |
| १५. | लेखा अधिकृत | श्री पोष्टराज न्यौपाने | |
| १६. | अधिकृत छैटौं | श्री विमला गैह्रे | |
| १७. | कार्यालय सहयोगी | श्री गंगा बहादुर गाहा | |
| | | | |
| | | | |

**निर्णय नं १**

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमा:** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो ।

**निर्णय नं २**

**गाउँसभाको १५ औ अधिवेशनको समिक्षा सम्बन्धमा:** यस गाउँपालिकाको गाउँसभाको १५ औ अधीवेशनलाइ प्रभावकारी र व्यवस्थित बनाउन खटिनुहुने कर्मचारी, पार्षद सदस्यहरु तथा सम्बन्धीत सम्पूर्णमा धन्यवाद ज्ञापन गर्दै बर्षे गाउँसभा व्यवस्थित,प्रभावकारी र उपलब्धीमुलक भएको निष्कर्ष निकालीयो ।

**निर्णय नं ३**

**बार्षिक समिक्षा बैठक सम्बन्धमा:** गत आ.व. २०८०/०८१ को बार्षिक स्वीकृत योजना, कार्यक्रम तथा बजेट अनुसार संचालन भएका कार्यक्रम तथा बार्षिक वित्तिय तथा भौतिक प्रगतिको सम्बन्धमा कार्यपालिका सदस्य, गाउँसभा सदस्यहरु, कर्मचारी, बालक्लवका प्रमुख तथा प्रतिनिधि, राजनितीक दलका प्रमुख तथा प्रतिनिधि, विभिन्न संजालका प्रमुख तथा प्रतिनिधी,उपभोक्ता समिति र स्थानीय पत्रकारहरु समेतको उपस्थितिमा बार्षिक समिक्षा बैठक आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

**अस्थायी करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धमा:** रम्भा गाउँपालिका र अन्तर्गतका कार्यालयमा कार्यरत अस्थायी,करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुले यस कार्यालयमा पेश गरेको निवेदनका आधारमा २०८१ पौष मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

**आर्थिक सहायता सम्बन्धमा:** यस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने तपसिल बमोजिमका व्यक्तिहरुले वडा कार्यालयको सिफारीस तथा बिरामी पूर्जा साथै अस्पतालको रिपोर्ट समेत संलग्न राखि आर्थिक सहायताको लागि निवेदन पेश गरेको हुदाँ निजहरुको अवस्था हेरी तपसिलको शिर्षकबाट तपसिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क्र सं | निवेदकको नाम थर ठेगाना | उद्देश्य | निवेदन मिति | सहायता रकम रु | शिर्षक |
|---|---|---|---|---|---|
| १ | बलबीर थापा रम्भा २ | लिल बहादुर थापाको उपचार सहायताको लागि | २०८१/०४/०३ | ५०००० | अन्य सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |
| २ | टिका प्रसाद विश्वकर्मा रम्भा ४ | आँखाको लेन्समा समस्या भई अपरेशन गर्नुपर्ने अवस्था भएकोले | २०८१/०४/०२ | ८००० | अन्य सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |
| ३ | कृष्ण कुमारी विश्वकर्मा रम्भा ४ | कलेजोमा समस्या आइ उपचाररत रहेको हुदाँ सहायताको लागि | २०८१/०३/१४ | २०००० | अन्य सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |

रम्भा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पिपलडाँडा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**निर्णय नं ६**

**सम्पति विवरण पेश गर्ने सम्बन्धमाः** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा ३१क को उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेका जनप्रतिनिधि तथा कर्मचारीहरुले आर्थिक बर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो सम्पति विवरण सम्बन्धित कार्यालयमा दर्ता गरिसक्नुपर्ने व्यवस्था अनुरुप यस गाउँपालिकाका सबै जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सम्पति विवरण पेश गर्न सूचना गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

**बार्षिक कार्ययोजना सम्बन्धमाः** गाउँपालिकाको चालु आ.व. को स्वीकृत बार्षिक, निती, कार्यक्रम तथा बजेटमा उल्लिखित शाखागत कार्यक्रमहरुको सम्बन्धमा बार्षिक कार्ययोजना तयार गरी गाउँकार्यपालिका समक्ष पेश गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत सम्पूर्ण शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ८**

**योजना कार्यान्वयन सम्बन्धमाः** टेण्डर प्रक्रिया मार्फत अघि बढाउन उपयुक्त योजनाहरु छनौट गरी कार्यान्वयन प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं ९**

**निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धमाः** यस गाउँपालिकामा पेश हुन आएका तपसिल बमोजिमको निर्माण व्यवसायीलाई रम्भा गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि, २०७७ को पहिलो संशोधन समेतका आधारमा घ वर्ग निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र सं | निर्माण व्यवसायी कम्पनीको नाम | प्रोपाइटरको नाम, ठेगाना |
|---|---|---|
| १ | भावीक इञ्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा लि रम्भा ३ पाल्पा | सिता पाण्डे, बुटवल |
| २ | रायमाझी विल्डर्स एण्ड सप्लायर्स प्रा लि रम्भा ३ | कमल रायमाझी, रम्भा ३ |

रम्भा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पिपलडाँडा, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३